नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोनः- ०८८-५३००४०
०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np

पत्र संख्याः-०७७/०७८/प्रशासन
च.नं.

मुसिकोट रुकुम (पश्चिम)
मितिः- २०७८/०२/३१

## रुकुम(पश्चिम)जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

कोभिड-१९ महामारीको दोस्रो लहरबाट यस जिल्लामा समेत संक्रमण र मृत्युदर उच्च हुन गएकोमा हाल संक्रमण तथा मृत्युदरका केही कमि आएको भएतापनि सक्रिय संक्रमितको संख्या उच्च नै रहेको तथा बढि संक्रामक र जोखिमपूर्ण भेरियन्ट संक्रमणको सम्भावना देखिएको हुँदा संक्रमण फैलावटको साङ्लो तोड्न एवं संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कार्यलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को सिफारिस समेतका आधारमा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी यस कार्यालयबाट यस अघि जारी आदेशलाई केही परिमार्जन गर्दै यही मिति २०७८।०२।३१ गते राती १२:०० बजेदेखि मिति २०७८।०३।१० गते राती १२:०० बजेसम्मका लागि यस जिल्लाभर देहाय अनुसारका आवश्यक सेवा र सोको लागि प्रयोग हुने सवारी साधन बाहेक अन्य सेवा, सवारी साधन, पसल व्यवसाय सञ्चालन र अत्यावश्यक कार्य बाहेक हिडडुलमा समेत निषेध गर्ने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ।यस आदेशमा उल्लेखित विषयहरुको पालना नगरेको खण्डमा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम कारवाही हुने व्यहोरा समेत सबैलाई जानकारी गराईन्छ।

### १. सर्वसाधारणको आवतजावत तथा सतर्कता सम्बन्धमा

- औषधी, खाद्यवस्तु तथा अत्यावश्यक उपभोग्य वस्तु खरिद गर्न वा यस आदेश बमोजिम सञ्चालन हुने अन्य सेवा लिन परेमा वा आफ्नै खेतबारीमा कृषि कार्य गर्नुपरेमा बाहेक घर बाहिर ननिस्कने।
- दुई व्यक्तिबीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम गर्ने ।
- अनिवार्य रुपले मास्कको प्रयोग गर्ने।पटक पटक साबुन पानीले हात धुने र सेनिटाइजरको प्रयोग गर्ने।
- विदेश, जिल्ला बाहिर तथा संक्रमित क्षेत्रबाट आउने व्यक्तिहरु इमान्दारिताका साथ कम्तिमा १० दिन होम क्वारेन्टीनमा बस्ने।संक्रमित व्यक्तिहरु निको नहुँदासम्म होम आइशोलेसन वा संस्थागत आइशोलेसनमा बस्ने।

### २. सभा सम्मेलन, सामाजिक तथा धार्मिक कार्य सम्बन्धमा

- सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, तालिम, भौतिक उपस्थितिमा हुने सिकाईका क्रियाकलापहरु, सिनेमाहल, पुस्तकालय, संग्राहलय, पार्टि प्यालेस, मनोरन्जन स्थल, घर बाहिर खेलिने सबै प्रकारका खेलकुद आदि सञ्चालन गर्न नपाइने।



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
फोनः- ०८८-५३००४०
०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

# जिल्ला प्रशासन कार्यालय

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम)

पत्र संख्याः-०७७/०७८/प्रशासन
च.नं.

मुसिकोट रुकुम (पश्चिम)
मितिः- २०७८/०२/३१

- खुला स्थानमा मानिसहरु जम्मा हुन, भीडभाड गर्न, सभा, जुलुस, जात्रा, महोत्सव, भोजभतेर आदि गर्न/ गराउन नपाइने।
- विवाह व्रतबन्धको कार्यक्रम गर्दा बढीमा १० जनासम्म (दुलाहा दुलही दुवै पक्ष गरी) स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी आफ्नै घरमा मात्रै गर्न सक्ने, होटल, पार्टी प्यालेस वा मन्दिरमा गर्न नपाउने।
- मृतकको शव दाहसंस्कार गर्ने सम्बन्धमा कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका व्यक्तिको हकमा सम्बन्धित कार्यविधिमा तोकिए बमोजिग स्वास्थ्य सुरक्षाका विधि अवलम्बन गरी मृतकका आफन्त र सुरक्षाकर्मी सहित बढीमा १० जना उपस्थित भई व्यवस्थापन गर्ने तथा अन्य कारणले मृत्यु भएका व्यक्तिका हकमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी बढीमा १५ जनासम्म उपस्थित हुन सक्ने।
- मन्दिर, मस्जिद, चर्च आदिमा नित्य पूजा बाहेक सामूहिक भेला हुने, सामूहिक रुपमा आश्रय लिई बस्ने जस्ता कार्य गर्न नपाइने ।

३. पसल व्यवसाय सञ्चालन सम्बन्धमा

- सम्पूर्ण स्वास्थ्य संस्थाहरु, औषधी तथा स्वास्थ्य सामग्रीसम्बन्धी पसल र पेट्रोल पम्पहरु जुनसुकै समय निर्बाध सञ्चालन गर्न पाइने।
- दैनिक उपभोग्य वस्तु (खाद्य, तरकारी, दुध, माछामासु, ग्याँस) का पसल बिहान ६:०० बजेबाट १०:०० बजेसम्म मात्र सञ्चालन गर्ने।
- पुस्तक पसल, स्टेशनरी तथा छापाखानाहरु बिहान ०६:०० बजेदेखि १०:०० बजेसम्म मात्र सञ्चालन गर्न सकिने।
- विकास निर्माणजन्य सामग्री(छड, सिमेन्ट, बिजुलीका सामान, स्यानीटरी, हार्डवयर)का पसल तथा फर्निचरका पसलहरु दिउँसो ३:०० बजेदेखि साँझ ७:०० बजेसम्म सञ्चालन गर्न सकिने।
- सवारी साधन मर्मत गर्ने वर्कशपहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण रुपमा पालना गराई विहान ६:०० बजेदेखि साँझ ७:०० बजेसम्म सञ्चालन गर्ने।
- माथि उल्लेखित वाहेकका अन्य पसल होटल, रेष्टुरेन्ट, चियापसल, खाजाघर, शैलुन, ब्युटी पार्लर, जिमखाना जस्ता व्यवसाय हाल सञ्चालन नगर्ने ।
- उल्लेखित पसल व्यवसायहरु सञ्चालन गर्दा मास्क, स्यानीटाइजर, भौतिक दुरी लगायत जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गर्नुपर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
फोनः- ०८८-५३००४०
०८८-५३००१०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np

# जिल्ला प्रशासन कार्यालय

पत्र संख्याः-०७७/०७८/प्रशासन
च.नं.

मुसिकोट रुकुम (पश्चिम)
मितिः- २०७८/०२/३१

४. सवारी साधन सञ्चालन सम्बन्धमा

- जिल्लाभित्र तथा जिल्ला बाहिर सञ्चालन हुने सार्वजनिक तथा निजी सवारी साधनहरु मिति २०७८।०३।१० गते राती १२:०० बजेसम्म सञ्चालनमा रोक लगाउने ।
- एम्बुलेन्स (चालक, बिरामी र कुरुवा गरी बढीमा ३ जना मात्रै सवार हुने), शववाहन, दमकल, डाँक सेवा, निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरु निर्वाध रुपमा सञ्चालन गर्न पाउने।
- औषधी तथा उपचारका सामग्री, खानेपानी, खाद्यान्न, तरकारी, फलफूल, दुध र दुग्धजन्य पदार्थ, कुखुरा तथा कुखुराका दाना, कृषि कार्यका लागि प्रयोग हुने बीउबिजन, मल, पुस्तक तथा पाठ्यसामग्री र निर्माण सामग्री बोकेका ढुवानीका साधनहरु एवं कृषि कार्यमा प्रयोग हुने साधनहरु सञ्चालन गर्न पाइने। उल्लेखित सबै ढुवानी साधनमा चालक र सहचालक गरी बढीमा २ जना मात्र सवार हुनुपर्ने तथा ढुवानीका साधनहरुले ढुवानीको विषय उल्लेख गरी ब्यानर राख्नुपर्ने।
- जनप्रतिनिधि, सरकारी तथा सार्वजनिक संस्थान अन्तर्गतका कार्यालयका कर्मचारी, बैंक तथा वित्तीय संस्थाका कर्मचारीले प्रयोग गर्ने सवारी साधनहरु सम्बन्धित कार्यालयले जारी गरेको परिचयपत्रका आधारमा कार्यालय प्रयोजनका लागि मात्र सञ्चालन गर्न पाइने।
- विकास निर्माण तथा सो सम्वन्धी भुक्तानी प्रयोजनका लागि आवत जावत गर्ने कार्यका लागि सम्वन्धित स्थानीय तह तथा कार्यालयको अनुमति/सिफारिसका आधार सोही कार्यमा निश्चित समय मात्र प्रयोग गर्ने गरी जिल्ला भित्र सवारी साधन संचालन गर्न पाइने ।
- हवाइजहाजबाट यात्रा गर्न जानेका हकमा हवाईटिकट देखाई एयरपोर्टसम्म जान र फर्कन पाइने।
- सञ्चारकर्मीका हकमा सूचना विभाग वा सम्बन्धित Media House ले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्न पाइने।

५. कार्यालय, बैंक तथा वित्तीय सेवा, विद्यालय सञ्चालन सम्बन्धमा

- स्वास्थ्य, शान्ति सुरक्षा, विद्युत, सञ्चार, खानेपानी, हुलाक तथा डाँक सेवा लगायतका अत्यावश्यक सेवा नियमित रुपमा सञ्चालन गर्ने।
- अन्य सरकारी तथा सार्वजनिक सेवाका कार्यालयहरुमा सम्पूर्ण कर्मचारीहरु नियमित रुपमा उपस्थित भई आन्तरिक प्रशासनिक कार्य, विकास निर्माणका कार्य, खाद्य, कृषि एवं पशुपन्छीसम्बन्धी कार्य तथा सो सम्बन्धी भुक्तानीका कार्यहरु गर्ने। यी वाहेक अन्य नियमित सार्वजनिक सेवा हाल सञ्चालन नगर्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
फोनः- ०८८-५३००४०
०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np

# जिल्ला प्रशासन कार्यालय

पत्र संख्याः-०७७/०७८/प्रशासन
च.नं.

मुसिकोट रुकुम (पश्चिम)
मितिः- २०७८/०२/३१

- बैंक तथा वित्तीय संस्थाहरु स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण रुपमा पालना गरी दैनिक बिहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म सञ्चालन गर्ने। गाउँगाउँमा गएर बचत संकलन तथा समूह बैठक जस्ता गतिविधिहरु सञ्चालन नगर्ने।
- भौतिक उपस्थितिमा हुने विद्यालय तथा शैक्षिक संस्थाबाट हुने सिकाइका कार्यहरु संचालन गर्न नपाइने ।

६. जिल्ला प्रशासन कार्यालयबाट सहजीकरण गरिने सवारी साधनहरु

- विवाह प्रयोजनका लागि सवारी साधन प्रयोग गर्नुपर्दा सम्बन्धित स्थानीय वडाको सिफारिसमा चालक सहित बढीमा ५ जना सवार हुने गरी १ वटा मात्र सवारी साधन प्रयोग गर्ने गरी अनुमति दिइने।
- मृत्यु संस्कारका लागि जान/फर्किन परेमा सम्बन्धित वडाको सिफारिसमा चालक सहित बढीमा ५ जना सवार हुने गरी १ वटा मात्र सवारी साधन प्रयोग गर्ने गरी अनुमति दिइने।
- बिरामीले एम्बुलेन्स बाहेकका सवारी साधन प्रयोग गर्नुपरेमा अस्पतालको भर्ना, रिफर वा फलोअप सम्वन्धी कागजातका आधारमा चालकसहित बढीमा ३ जना सवार हुने गरी १ वटा मात्र सवारी साधन प्रयोग गर्ने गरी अनुमति दिइने।
- उल्लेखित बाहेक अन्य प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालयबाट कुनै किसिमका सवारी अनुमति जारी नगरिने।

७. दैनिक उपभोग्य खाद्यान्न लगायत अत्यावश्यक वस्तुको आपूर्तिलाई सहज बनाउने। निषेधाज्ञाको अवधिमा विभिन्न वहाना गरी अत्यावश्यक खाद्य वस्तु, इन्धन, स्वास्थ्य सामग्री आदिको कृत्रिम अभाव सृजना गर्ने, अस्वभाविक मूल्य बृद्धि गर्ने तथा कालो बजारी गर्ने कार्य हुन नदिने। सम्बन्धित निकायको समन्वयमा नियमित अनुगमन गरी कानून बमोजिम कारवाही गरिने।

८. सार्वजनिक निर्माण कार्यका लागि खटिने कर्मचारी तथा कामदारलाई निर्माणस्थलमा नै खाने बस्ने व्यवस्था मिलाई प्रचलित स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण पालना गराएर मात्रै काममा खटाउने।

२०७८/०२/३१

(बद्रीनाथ गैह्रे)
प्रमुख जिल्ला अधिकारी